वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ९९ २०८३ साउन २० गते बुधबार, नेपाल सम्वत् ११४६ August 05, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-









## प्राकृतिक सुन्दरता

तनहुँको व्यास नगरपालिका–५ स्थित मानहुँकोट र त्यहाँबाट देखिएको आकर्षक प्राकृतिक सुन्दरता । दमौली लगायत आसपासको क्षेत्रमा हिउँदको समयमा लाग्ने कुहिरो, दमौली बजार, व्यास परासर क्षेत्र, मादी र सेती नदीको संगम, हरिया पहाडका तरेली, हिमालको सुन्दर दृष्य तथा सूर्योदय र सूर्यअस्तको आकर्षक दृष्यावलोकनका लागि उत्कृष्ट गन्तव्यका रूपमा मानहुँकोट बन्दै गएको छ । स्थानीय र प्रदेश सरकारले यहाँ पुग्ने सडक मार्गलाई व्यवस्थित नबनाउँदा भने यहाँ पुग्ने पर्यटकले पछिल्लो समय सास्ति झेल्नुपरेको छ ।

*फाइल तस्विर : आलोक राज कुमाल/भञ्ज्याङ*

# किन उठ्यो 'ठूलो परिवार, सुखी परिवार'को कुरा ?

**सन्त गाहा मगर**/काठमाडौं

राष्ट्रिय तथ्यांक कार्यालय (तात्कालीन केन्द्रीय तथ्यांक विभाग)को जनसंख्या घडी अनुसार २०७७ असार १२ गते मध्याह्नमै नेपालको जनसंख्या ३ करोड ६३४ जना पुगिसकेको थियो। तर त्यसको डेढ वर्षपछि २०७८ मंसिर ९ गतेको राष्ट्रिय जनगणनाले नेपालको कुल जनसंख्या जम्मा २ करोड ९१ लाख ६४ हजार ५७८ देखायो। तथ्यांक कार्यालयले जनगणनाको यो नतिजा सार्वजनिक गरेपछि नेताहरूले भाषण गर्दा 'तीन करोड नेपाली' भन्न छाडे। जनसंख्या घडी बिग्रिएर प्रक्षेपण र वास्तविक जनसंख्या फरक परेको हो त ? होइन।

घडीले जन्मदर, मृत्युदर र बसाइँसराइ दरको आधारमा जनसंख्या प्रक्षेपण गर्दछ। २०६८ को राष्ट्रिय जनगणनामा १.३५ प्रतिशत रहेको जनसंख्या वृद्धिदर २०७८ मा ०.९२ प्रतिशतमा झर्‍यो। त्यही कारणले प्रक्षेपण र गणना गरेर निकालिएको कुल जनसंख्यामा अन्तर देखियो।

हुन पनि ८० वर्षपछि पहिलो पटक नेपालको जनसंख्या वृद्धिदर १ प्रतिशत भन्दा तल झर्‍यो। वि.सं. १९९८ मा भएको चौथो राष्ट्रिय जनगणनामा १.१६ प्रतिशत रहेको जनसंख्या वृद्धिदर बाह्रौं जनगणनामा आइपुग्दा पहिलो पटक १ प्रतिशत भन्दा कम भएको हो ।

जन्मदरमा निरन्तर कमी, औसत आयुमा बढोत्तरी, बालबालिकाको संख्यामा कमी, ज्येष्ठ नागरिकको संख्यामा वृद्धि, युवा पिंढीमा प्रजनन सम्बद्ध मनोव्यवहारगत परिवर्तन, वैदेशिक रोजगारी एवं शैक्षिक आप्रवासनमा युवाको बढ्दो आकर्षण तथा अव्यवस्थित बसाइँसराइ र शहरीकरण तथा शहरी गरिबी वृद्धि भएको देखिएको राष्ट्रिय जनसंख्या नीति, २०८२ को निष्कर्ष छ। प्रजनन् दर प्रतिस्थापन तहभन्दा घट्न नहुने र घट्दो जनसंख्या वृद्धिदरलाई सम्बोधन गर्नुपर्ने सरकारको नीति छ।

संघीय सरकारको जनसंख्या नीतिमा भनिएको छ– 'प्रजनन दर प्रतिस्थापन तहभन्दा तल रहेको र जनसंख्या वृद्धिदर न्यून हुँदै गएको परिप्रेक्ष्यमा यसलाई सम्बोधन गर्दै भविष्यमा जनसांख्यिक लाभको प्रभावकारी उपयोग हुनसक्ने वातावरण तयार गर्नुपर्ने देखिन्छ।'

संघीय सरकारले नीतिगत तहमा छलफल गरिरहँदा स्थानीय सरकारहरूले भने धमाधम जनसंख्या बढाउन सहयोग पुग्ने गरी विभिन्न कार्यक्रम अघि सारेका छन्।

तिनैमध्येको एक हो, तेह्रथुमको छथर गाउँपालिका। यो पालिकाले पहिलो सन्तानका लागि ५ हजार, दोस्रोका लागि १० हजार, तेस्रोका लागि १५ हजार र चौथो वा त्यसभन्दामाथिका लागि २० हजार रूपैयाँ बालबालिकाको नाममा बचत गर्ने व्यवस्था गरेको छ ।

छथरले २०८१ देखि बालबालिका जीवन सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिका जन्मिनासाथ रकम बचत गरिदिन थालेको हो। गाउँपालिकाका प्रवक्ता राजन नेपाली गाउँघर रित्तिंदै जान थालेपछि यस्तो कार्यक्रम सञ्चालन गरिएको बताउँछन्। उनी भन्छन्, 'सन्तान कम जन्माउनेको संख्या बढ्दै गयो। बसाइँसराइ पनि उत्तिकै छ। त्यही भएर यस्तो कार्यक्रम ल्यायौं। प्रतिक्रिया एकदमै राम्रो पाइरहेका छौं ।'




त्यस्तै, स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले तेस्रो सन्तानलाई मासिक ४ हजार रूपैयाँ उपलब्ध गराउँदै आएको छ। गत आर्थिक वर्ष २०८२/८३ देखि शुरू भएको यो कार्यक्रम चालु आर्थिक वर्षमा पनि निरन्तर रहेको पालिकाकी कार्यवाहक अध्यक्ष सावित्री कोइरालाले जानकारी दिइन् ।

यस्तो कार्यक्रमले धेरै सन्तान जन्माउन प्रोत्साहन पुग्ने मात्र होइन गर्भपतन रोकथाममा समेत सघाउ पुग्ने गरेको कोइराला बताउँछिन्। उनी भन्छिन्, 'जन्मदर निरन्तर घट्दो र बसाइँसराइ बढ्दो भएपछि पालिकाले तेस्रो सन्तानलाई मासिक ४ हजार रूपैयाँ दिने निर्णय गरेको हो। हाम्रो यो निर्णयले भविष्यमा जनसंख्या सन्तुलनमा मद्दत पुग्छ जस्तो लाग्छ।'

पाल्पाको रिब्दीकोट गाउँपालिकाले 'उपाध्यक्षसँग छोरी कार्यक्रम' सञ्चालन गरेको छ। त्यसैको वडा नम्बर १ मा दुई सन्तान जन्माउनेलाई २०८० साउनदेखि ५ हजार रूपैयाँ दिन थालिएको छ।

रिब्दीकोट–१ का वडाध्यक्ष चिरञ्जीवी पोखरेल विद्यार्थी संख्या नपुगेर विद्यालय गाभ्नुपर्ने अवस्था आएपछि धेरै सन्तान जन्माउनेलाई


*बाँकी तेश्रो पेजमा*


## खाना पकाउने ग्याँसको अभाव

# आवश्यकता अनुसार मात्र ग्याँस किन्न प्रशासनको आग्रह

**भञ्ज्याङ समाचारदाता**/दमौली

खाना पकाउने ग्याँसको अभाव भएपछि पछिल्लो केही दिनदेखि तनहुँका बजार क्षेत्रमा उपभोक्ताहरु खालि सिलिन्डर लिएर लाइनमा बस्न बाध्य भएका छन् । बजारमा ग्यास सहजै नपाएको भन्दै उपभोत्ताबाट निरन्तर गुनासो आएपछि जिल्ला प्रशासन कार्यालय, तनहुँले बजार अनुगमनका साथै सरोकारवालाहरूसँग छलफल गरी वास्तविक अवस्थाबारे स्पष्ट पारेको छ ।



प्रशासनका अनुसार तनहुँ जिल्लामा विगतमा जस्तै ग्याँसको आपूर्ति निरन्तर र नियमित रूपमा भइरहेको छ । तर बजारमा ग्याँस सकिने त्रास र अफवाहले गर्दा उपभोक्ताहरूले आवश्यकता भन्दा बढी सिलिन्डर घरमा सञ्चय गर्न खोज्दा अस्वाभाविक चाप बढेर अभाव जस्तो देखिएको प्रशासनको निष्कर्ष छ ।

तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले ग्याँस आपूर्तिमा समस्या नरहेको बताउँदै उपभोक्तालाई अनावश्यक भण्डारण नगर्न अपिल गरेका छन् । प्रजिअ तिवारले भने, "ग्यासको आपूर्ति विगतजस्तै नियमित छ । पहिले वितरण गरिएको आधा सिलिन्डरलाई अहिले पूर्ण(भरिएको) सिलिन्डरले प्रतिस्थापन गर्दा र बजारमा अभाव हुने हल्ला फैलिँदा उपभोक्ताहरूले आवश्यकता भन्दा बढी ग्याँस थुपार्न खोजेकोले समस्या देखिएको हो ।"

ग्याँसका अधिकृत तथा थोक विक्रेता र जिल्ला उद्योग वाणिज्य संघसँग नियमित संवाद र अनुगमन गरिरहेको प्रजिअ तिवारीले जानकारी दिए । कहीं कतै कृत्रिम अभाव सिर्जना गर्ने, कालोबाजारी गर्ने वा कैफियत देखाउने काम भएमा कानून अनुसार कडा कारबाही गरिने उनले बताए ।

प्रशासनले ग्याँसको आयात र बिक्री–वितरण निरन्तर भइरहेकाले कुनै पनि भ्रम र हल्लाको पछाडि नलाग्न सर्वसाधारणलाई आग्रह गरेको छ। साथै, जिल्लामा थप ग्याँस आवश्यक परेमा आयल निगमसँग समन्वय गरी आपूर्ति बढाउन प्रशासन सदैव तयार रहेको समेत जनाइएको छ।

**लक्षित वर्गका लागि टोल फ्रि नम्बर**

यस्तै, नियमित विक्रेताबाट सजिलै ग्याँस पाउन समस्या भएका


*बाँकी तेश्रो पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## पशुपालनका लागि घाँस खेती

कृषि प्रधान देश नेपालमा पशुपालन पेशा परम्परागत रूपमा पुरातन समयदेखि नै अस्तित्वमा छ। कृषिको आधारभूत अंग मानिने पशुपालनले दुध, मासु, अण्डा लगायतका उत्पादन मार्फत खाद्य सुरक्षा सुनिश्चित गर्ने मात्र होइन, कृषकको आय-आर्जनमा समेत ठुलो योगदान पुऱ्याउँछ। तर, पछिल्ला वर्षहरूमा देखिएको तथ्याङ्कले भने परम्परागत स्वरूपमा मात्र निर्भर रहेर पशुपालन व्यवसायले कृषकलाई दीर्घकालीन लाभ दिन सक्ने अवस्था नरहेको प्रष्ट पारेको छ । पशुपालनका लागि आधारभूत आवश्यकता भनेको आहार हो। दाना, पराल र हरियो घाँसको अभावले गर्दा धेरै कृषक आज पनि ठूलो समस्या व्यहोर्न बाध्य छन्। अझ विडम्बना त के छ भने, पर्याप्त जमिन हुँदाहुँदै पनि दाना र पराल आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ। यसै पृष्ठभूमिमा तनहुँको भिमाद नगरपालिकाले घाँसमा आधारित व्यवसायिक पशुपालन कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाएको छ । नगरपालिकाले बाँझो जमिनलाई उपयोगमा ल्याउँदै घाँस खेतीलाई प्राथमिकतामा राख्ने नीति लिएको छ । अहिलेको समयमा खेतीयोग्य जमिन बाँझिने क्रम बढ्दो छ। कृषकले आधुनिक प्रविधि, वाणिज्यिक सोच र बजारमैत्री योजनाको कमीका कारण आफ्नो जमिन खाली राख्ने प्रवृत्ति बढेको हो। तर, पशुपालनका लागि अत्यावश्यक घाँस खेतीलाई बाँझो जमिनसँग जोड्ने नगरपालिकाको यो पहल व्यवहारिक मात्र नभई दीर्घकालीन दृष्टिले पनि अर्थपूर्ण देखिन्छ । यो नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकियो भने पशुपालक कृषकले आहारमा निर्भरता घटाउँदै उत्पादन लागत न्यून गर्न सक्नेछन् । अझ महत्त्वपूर्ण कुरा भनेको यसले कृषकलाई 'कम लागत, उच्च प्रतिफल' को बाटोमा हिँडाउन सहयोग गर्नेछ। उत्पादन बढेसँगै किसानले थप आम्दानी गर्नेछन् भने स्थानीय बजारमा पशुजन्य वस्तुको आपूर्ति स्थिर हुने अपेक्षा गर्न सकिन्छ । यस्तो खालको कार्यक्रम कृषि-पशुपालनसँग मात्र सीमित हुँदैन । यसले बाँझो भूमिलाई उपयोगमा ल्याएर भूमिको उत्पादन क्षमता बढाउनेछ । नेपालमा दिनानुदिन बढ्दै गएको बाँझो जमिनको समस्या समाधान गर्न यो एउटा व्यवहारिक उपाय बन्न सक्छ । वास्तवमै, भूमि बैंकसम्बन्धी कानुनी व्यवस्थालाई समेत यससँग जोडेर अगाडि बढाउन सके अझ प्रभावकारी हुने देखिन्छ ।

भिमाद नगरपालिकाले ल्याएका अरु पहलहरु पनि प्रशंसनीय छन्। उदाहरणका लागि, नगरको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ लाई समयानुकूल सुधार गर्दै यसको नियमावली तर्जुमा गर्ने योजना स्थानीय सरकारको प्रगतिशील सोचलाई देखाउँछ। पशुजन्य पदार्थको उत्पादन, बिक्री-वितरण र निकासीलाई व्यवस्थित बनाउन पशु सेवा तथा स्वास्थ्य ऐन ल्याउने नीति पनि स्वागतयोग्य छ। यसले उत्पादन प्रणालीलाई वैज्ञानिक र स्वस्थ बनाउँदै कृषकको श्रम र पसिनाको उचित मूल्यांकन हुने वातावरण सिर्जना गर्नेछ । नेपालमा अझैसम्म कृषिजन्य उत्पादनको मूल्य निर्धारण पारदर्शी छैन। कृषकले उत्पादन गर्दा लागतको हिसाबले घाटा व्यहोर्नुपर्ने अवस्था छ भने उपभोक्ताले महँगो मूल्य तिर्नुपर्छ। यस्तो विसंगति अन्त्य गर्न भिमाद नगरपालिकाले मूल्य श्रृंखलाको आधारमा न्यूनतम समर्थन मूल्य तोक्ने योजना अत्यन्त महत्त्वपूर्ण छ । यसले किसानलाई प्रोत्साहन दिने मात्र होइन, उपभोक्ताले पनि न्यायोचित मूल्यमा उपज पाउनेछन् । यससँगै 'स्टार्टअप भिमाद कृषि परियोजना'को सुरूवातले लोप हुँदै गएका रैथाने बाली र पशु प्रजातिको संरक्षणमा योगदान दिनेछ । रैथाने बाली कोदो तथा खरिजातका बाख्राजस्ता स्रोतहरु हाम्रो सांस्कृतिक र जैविक सम्पदा हुन् । यसको संरक्षणले स्थानीय पहिचान जोगाउने मात्र होइन, बजारमैत्री उत्पादनमार्फत आयआर्जनको नयाँ सम्भावना पनि खोल्नेछ । नगरपालिकाले किसान आफैले उत्पादन गरेको उपज प्रत्यक्ष बिक्री गर्ने वातावरण तयार पार्ने योजना पनि लिएको छ । संकलन केन्द्र, हाट बजार र शीतभण्डारको व्यवस्था किसानलाई बजारसम्म सजिलै पुग्ने पुल हुनेछ। यसले बिचौलियाको प्रभुत्व घटाई कृषकले प्रत्यक्ष लाभ लिन सक्नेछन्। कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउनका लागि यस्ता पूर्वाधार निर्माण दीर्घकालीन लगानी हुन्, जसलाई अविलम्ब कार्यान्वयन गर्न आवश्यक छ।

त्यस्तै, सिँचाइ, भण्डारण गृह, बजार जस्ता पूर्वाधार विकासमा निजी क्षेत्र, सहकारी र गैरसरकारी निकायसँग सहकार्य गर्ने नीति सशक्त कदम हो। स्थानीय सरकार एक्लैले कृषिको सम्पूर्ण चुनौती समाधान गर्न सक्दैन । विभिन्न साझेदारसँगको सहकार्यले मात्र यस क्षेत्रमा रूपान्तरण सम्भव छ । यसो भन्दैमा कार्यान्वयनका चुनौतीबारे पनि मौन रहन सकिँदैन। नीति निर्माण गर्ने मात्र होइन, त्यसलाई व्यवहारमै उतार्ने जटिल काम छ। घाँस खेती वा स्टार्टअप कृषि परियोजना जस्ता योजनामा बजेट, प्राविधिक जनशक्ति र दीर्घकालीन अनुगमनको सुनिश्चितता जरूरी हुन्छ । किसानलाई प्रशिक्षण, वित्तीय पहुँच र बजार जडानमा सहजीकरण नगरेसम्म यस्ता कार्यक्रमले अपेक्षित परिणाम दिन सक्दैनन् । तर, चुनौतीका बाबजुद पनि भिमाद नगरपालिकाले देखाएको दृष्टि स्पष्ट छ– कृषि र पशुपालनलाई आत्मनिर्भर, दिगो र व्यवसायिक बनाउने। नेपालको ग्रामीण विकासको मेरूदण्ड मानिने यी क्षेत्रलाई अघि बढाउन यस प्रकारका योजनाले मार्गदर्शन गर्नेछन्। हामीले बुझ्नुपर्ने कुरा के हो भने, कृषि र पशुपालनको बलियो आधार बिना आर्थिक समृद्धि सम्भव छैन। यसलाई आत्मनिर्भर बनाउनका लागि स्थानीय सरकार, निजी क्षेत्र, सहकारी र स्वयं किसान सबैको साझा जिम्मेवारी हुन्छ। भिमाद नगरपालिकाले गरेको प्रयास अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्न सक्नेछ। यसैले, घाँसमा आधारित व्यवसायिक पशुपालन मात्र एक कृषि नीति होइन, यो किसानलाई आत्मनिर्भर, भूमिलाई उत्पादनशील र बजारलाई स्थिर बनाउने दीर्घकालीन दृष्टिकोण हो। यो दृष्टिकोणलाई सफल बनाउन राजनीतिक इच्छाशक्ति, प्राविधिक दक्षता र कृषकप्रति उत्तरदायित्व आवश्यक छ। यदि नगरपालिकाले प्रस्तुत योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्यो भने भिमाद मात्र होइन, समग्र तनहुँ र गण्डकी प्रदेश नै कृषिजन्य आत्मनिर्भरता र ग्रामीण समृद्धितर्फ अघि बढ्नेछ भन्नेमा शंका छैन ।

# नेपालमा शिक्षाको थालनी : इतिहासदेखि वर्तमानसम्म

## आजको आवश्यकता, ब्यवसायिक शिक्षा

चरण विभाजन;

**१. वि.सं. १९१० अघि**

नेपालमा प्राचीन समयमा शिक्षा धर्म, दर्शन र व्यावहारिक जीवनमा आधारित थियो । हिन्दु धर्मावलम्बीका लागि गुरूकुल तथा बौद्ध धर्मावलम्बीका लागि विहार/गुम्बा मुख्य शिक्षण संस्था थिए । यस कालमा संस्कृत, नीतिशास्त्र, र धनुर्वेद जस्ता विषयहरु सिकाउने गरिन्थ्यो ।

राणाकाल (औपचारिक शिक्षाको सुरूवात)

**२. वि.सं. १९१०-२००७**

विसं. १९१० (सन् १८५३) मा प्रधानमन्त्री जङ्गबहादुर राणाले दरबार हाइस्कुलको स्थापना गरेपछि नेपालमा आधुनिक/अंग्रेजी शिक्षाको जग बस्यो। वि.सं. १९७५ मा पहिलो कलेज त्रि-चन्द्र कलेज र वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापना भयो। तर, राणाशासनभर शिक्षा दरबार र सम्भ्रान्त वर्गमा मात्र सीमित राखियो ।

प्रजातन्त्र पश्चात् (प्रसार र विस्तार)

**३. वि.सं. २००७-२०२८**

वि.सं. २००७ मा प्रजातन्त्रको स्थापनापछि सर्वसाधारणका लागि विद्यालयहरु खुले। वि.सं. २०१६ मा नेपालको पहिलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय स्थापना भयो। २०११ सालमा गठित 'नेपाल राष्ट्रिय शिक्षा आयोग'ले आधुनिक शिक्षा प्रणालीको खाका तयार पार्यो ।

राष्ट्रिय शिक्षा योजना र आधुनिक युग

**वि.सं. २०२८-हालसम्म**

४. वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धति योजना (NESP) लागू गरी शिक्षालाई विकेन्द्रीकृत र व्यावसायिक बनाउने प्रयास गरियो । २०४६ को प्रजातन्त्र पुनर्वहालीसँगै निजी क्षेत्रका विद्यालय तथा कलेजहरूको तीव्र विस्तार भयो। हाल नेपालमा संघीय ढाँचाग अनुसार माध्यमिक शिक्षा (कक्षा १२ सम्म)को व्यवस्थापन स्थानीय सरकार मातहत राखिएको छ।

**आजको विद्यालयको आवश्यकता, ब्यवसायिक शिक्षा:**

विगतका सरकारको गलत निती, योजना र भ्रष्टाचारको कारण आज देश यस्तो अवस्थामा आयो कि यो बिग्रेको परिस्थितिलाई सम्हाल्न सचेत नागरिक अगुवा र सरकार पुरा सुझबुझ र सहि योजना साथ निरन्तर खट्नुपर्छ । विशेष गरेर शिक्षामा ब्यापक सुधार गरिनुपर्छ । हालको शिक्षाले रास्ट्रब्यापी रूपमा हाम्रो भावि सन्ततिलाई पुरा वेरोजगर बनाईरहेको छ ।

देशको जटिल समस्या विशेष गरेर केही निश्चित कुराहरूमा ठूलो त्रुटी देखियो। शिक्षा हासिल गर्नु पर्ने दुई कारण भयो क) एक ज्ञान वा नयाँ कुरा सिप सिक्नु। ख) सिकेको शिक्षाले आफ्नो जीवन चलाउन आम्दानीको स्रोत बनाओस् ता कि आर्जीत सीपबाट उ आफु र आफ्नो परिवारको यौटा दरो आम्दानीको स्रोत बनोस् ।

हाम्रो शिक्षाले यो कुरालाई आत्मासात् गरेको होस् तर बिडम्वना यसो हुन सकेन । अब यो किन हुन सकेन ? यो यौटा महत्वपूर्ण प्रश्न भयो ।

के त्यसो भए यो शिक्षा वेकम्वा भयो त ! सरसर्ति हेर्दा त्यसो पनि पुरै गलत भयो भनेर भन्न पनि मिल्दैन, किनभने आज स्वदेश एवं विदेशमा क्यौ डाक्टर, इन्जिनियर, नर्स, म्यानेजर लगायत विभिन्न क्षेत्रमा काम गरेका हामी छौ र गरिरहेका पनि छौ । उसो भए समस्या खासमा के हो त ?

समस्या खासमा के भयो भने:

**क) दोहोरो घाटा**

+२ र सोदेखि माथिको प्राविधिक शिक्षा हासिल गरेको जनशक्तिलाई रोजगारी दिईएन देशको आवश्यकता भन्दा




बढी वा प्राविधिक जनशक्ति उत्पादन गरियो, फलस्वरूप प्राविधिक जनशक्तिले रोजगार पाएन, लाखौ रूपैया खर्च गरेर उत्पादित दक्ष जनशक्ति विदेश पलायन हुन बाध्य भयो । यसरी यो जनशक्ति पलायन हुँदा एकातिर देशमा चाहिने दक्ष जनशक्तिको अभाव भयो भने अर्कातिर लाखौ खर्च गरेको रकम पनि गुम्यो यसरी दोहोरो घाटा देशले भोग्न परिरहेको छ।

**ख) कारिन्दा उत्पादन गर्ने शिक्षा**

भनिन्छ हाम्रो शिक्षा १६औं शताब्दीतिर बेलायतले कारिन्दा उत्पादन गर्न लागु गरेको शिक्षाको नमुना हो । २०२८ सालमा यस किसिमको शिक्षामा परिवर्तन आवश्यक ठानेर तात्कालिन सरकारले नयाँ शिक्षा योजना लागु गरेर ब्यवसायिक शिक्षा लागु गरेको थियो, जसमा कृषी, हस्तकला, पशुपालन जस्ता विषयहरु विद्यालयहरूले कक्षामा र प्रयोगात्मक सीप हासिल गराउन शुरूवात गरेको थियो । सायद यो २-३ वर्ष पछि तत्कालै सरकारले बन्द गर्यो तर यो वास्तवमा विद्यार्थीहरु एवं देशको लागि उपयुक्त नै थियो ।

हाम्रो लागि यस्तो शिक्षा अति नै आवश्यक छ । किनभने यस्तो ब्यवसायिक शिक्षाले सीपयुक्त जनशक्तिको निर्माण गर्दछ र आफ्नो हातमा सिप भएको ब्यक्तिले उक्त सीपलाई प्रयोग गरेर आफ्नो जीवन यापन गर्न सक्छ जसको कारण एकातिर वेरोजगारीको समस्या हुदैन भने जब कुनै पनि मानिसले काम गर्दछ, स्वतह ब्यक्तिको आम्दानी बढ्दछ र राष्ट्रको पनि स्वतह आम्दानी वृद्धि हुनछ। ब्यक्तिको आम्दानी बढ्नु भनेको राष्ट्रको पनि आम्दानी बढ्नु हो ।

**ग) पूर्ण रूपमा ब्यवसायिक शिक्षा**

अबको शिक्षा कक्षा ५-६ देखि नै पूर्ण ब्यवसायिक हुनु पर्दछ । यसरी ब्यवसायिक शिक्षा लागु गरिदा निम्न विषयहरु राखिनु पर्दछ।

**बिषयहरु:**

पशुपालन, फलफूल, तरकारी, माछा पालन, मौरी पालन, हस्तकला, चित्रकला, बिजुली, रेडियो, मोबाइल, टि भी, घडी, मेशिनरी पाटपुर्जा मर्मत, सिलाइ-बुनाई, ग्यास चाल्हो, खाने-पानी-पाईप, डकर्मी, सिकर्मी काम, नापी नक्सा, धार्मिक विधिविधानको कार्य, पर्यटन क्षेत्र, होटल ब्यवसाय, रेष्टुरेण्ट, पसल संचालन, बैंकिङ, लेखापढी, कम्प्युटर-इन्टरनेट, प्रशासन आदि विषयहरु विद्यालय तहदेखि नै सिकाईनु पर्दछ जसको कारण आफुले सिकेको सीपबाट पढाइ सक्नसाथ विद्यार्थीहरु एउटा काममा आबद्ध हुनेछन् र आफ्नो जीवनलाई सहज ढङ्गबाट चलाउन सक्नेछन्। त्यसैले आजको शिक्षा ब्यवसायिक हुनुपर्छ ।

**घ) पढाइमा कमजोर विद्यार्थीहरूको कटौती**

कक्षा आठबाट B±, A, A± ल्याउने विद्यार्थीहरूलाई मात्र कक्षा नौ र दशमा पढ्न पाउने नियम लागु गरिनु पर्दछ जसले गर्दा पढाइमा कमजोर विद्यार्थीहरु कक्षा आठ बाटै छाटिनेछन् र आफुले पढेको ब्यवसायिक शिक्षामा सिकेको सीपलाई सदुपयोग गरेर आफ्नो जीवन चलाउनेछन् र वेरोजगारी हटेर जानेछ भन्ने विश्वास गरिएको छ । हालको सबैलाई पास गराउने नितीको कारण बढी जनसंख्या बेरोजगार बन्न पुगेको छ। यो परिपाटीलाई रोकिन पर्दछ ।

**ङ) कसरी पढेका युवाहरु वेरीजगार बने ?**

यो एउटा महत्वपूर्ण प्रश्न हाम्रा सामुमा छ । पढेलेखेको मानिस कसरी वेरोजगार बन्यो भन्ने पनि सोच आउँदछ तर समस्या कहाँ छ भने, पढेपछि काम अर्थात् जागिर

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ।

**वृष**
आफ्ना सामानमा अरूले दाबी गर्लान्। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्यमा पुगिनेछ।

**मिथुन**
चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्।

**कर्कट**
प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ।

**सिंह**
पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला।

**कन्य**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ।

**तुला**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। विचारले धेरैलाई आफ्नो प्रभावमा ल्याउन सकिनेछ।

**वृश्चिक**
प्रशंसकहरु बढ्नेछन् भने सहयोगीहरूले काममा साथ दिनेछन्। समाजमा आफ्नो प्रभाव बढ्नेछ।

**धनु**
पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। व्यापारमा मनग्गे धनलाभ हुनेछ।

**मकर**
बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ।

**कुम्भ**
आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। लगानीतर्फ लागत बढ्नेछ।

**मीन**
व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।

# किन उठ्यो ‘ठूलो परिवार .....

प्रोत्साहित गर्ने कार्यक्रम अघि सारेको बताउँछन्। नेपाल जस्तो कृषिप्रधान देशमा ‘सानो परिवार, सुखी परिवार’ भन्ने अवधारणा नै गलत भएको उनको भनाइ छ।

‘जनसंख्या धेरै भएर गरिब हुन्थ्यो भने त चीन संसारकै गरिब देश हुनुपर्ने पर्ने हो। त्यसका कारण जनसंख्या वृद्धिदर घटाउने नीति नै ठीक लाग्दैन’ वडाध्यक्ष पोखरेल भन्छन्, ‘धेरै सन्तान हुनेहरु एक–दुई जना छोराछोरी विदेशमा बस्दा पनि एक्लिनु परेका छैनन्। मलाई त ठूलो परिवार नै सुखी परिवार जस्तो लाग्छ।’

एकातिर जन्मदर कम अर्कोतिर युवाशक्ति विदेश जाने र आन्तरिक बसाइँसराइले गर्दा बाँदर, बाघ–भालुको समस्या देखिएको पोखरेल बताउँछन्। उनी भन्छन्, ‘बाँदरको समस्या हल गर्न के के कार्यक्रम ल्याउनुपर्छ भनेको सुन्छु। गाउँ रित्तिएकाले बाँदरले बाली खाएर दु:ख दिन थाल्यो भन्ने सामान्य कुरा कसले बुझाउने ?’

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार ७५३ मध्ये ३१९ वटा पालिकाको जनसंख्या वृद्धिदर ऋणात्मक छ। त्यही अवस्था सबै हिमाली जिल्ला सहित ३४ वटा जिल्लाको छ । नेपालीको प्रजनन दर पनि अघिल्लो जनगणनाको तुलनामा झण्डै आधा घटेको देखिन्छ। २०६८ मा कुल प्रजनन दर प्रति महिला २.६ जना रहेकोमा १० वर्षमै १.९४ जनामा झर्‍यो।

राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछाने आ–आफ्नो पालिकाको जनसंख्या हेरेर गाउँपालिका र नगरपालिकाहरूले लिएको निर्णय एकदमै सकारात्मक भएको बताउँछन्। उनी भन्छन्, ‘उहाँहरूको पहलको प्रशंसा नै गर्छु। तर हामीलाई जनसंख्या धेरै चाहिएको किन हो पहिला त्यो कुरा स्पष्ट हुनुपर्दछ।’

जनसंख्या वृद्धिदर घट्दै जाँदा श्रमशक्ति घट्ने, ज्येष्ठ नगारिकको संख्या वृद्धि हुने, सामाजिक सुरक्षा प्रणालीमा दबाब पर्ने, आर्थिक वृद्धिदरमा असर पर्न सक्ने विज्ञहरु बताउँछन्।

जनसंख्या तथा तथ्यांकविद् प्रा.डा. समीर केसी जनसंख्या वृद्धिदर कति हुनुपर्छ ? भन्दा ‘केका लागि ?’ भन्ने प्रश्न जोडिएर आउने बताउँछन्। कुन देशका लागि कति जनसंख्या हुनु सबैभन्दा राम्रो हो भन्ने कुरा जनसंख्याको उमेर संरचना, शैक्षिकस्तर, स्वास्थ्य र क्षेत्रगत विवरण लगायत विषयले निर्धारण गर्ने उनको धारणा छ। ‘वातावरण संरक्षणको दृष्टिकोणले कम जनसंख्या हुनुलाई ठीक मान्नुपर्ला। तर श्रम शक्तिको हिसाबले धेरै मान्छे चाहिएला। त्यसकारण कति जनसंख्या ठीक भन्ने कुरा उद्देश्यमा भर पर्दछ’, केसी भन्छन् ।

जनसंख्या वृद्धिदर बढाउने विषय सहज भने नभएको केसीको विश्लेषण छ। रूस, टर्की लगायत देशमा यस्तो कार्यक्रम सफल नभएको उदाहरण दिंदै प्रा.डा. केसी भन्छन्, ‘थोरै सन्तान जन्माउ भन्न जति सजिलो छ, धेरै जन्माउ भन्न त्यस्तो सजिलो नहुने रहेछ। विश्वको अनुभवले पनि त्यही भन्छ।’

त्रिभुवन विश्वविद्यालय, जनसंख्या केन्द्रीय विभाग प्रमुख रहिसकेका प्रा.डा. योगेन्द्र बहादुर गुरूङ दम्पतीलाई घुम्न बिदा दिने, सन्तान जन्मिंदा लामो समय तलब सहितको बिदा दिने, स्वास्थ्य र शिक्षा राज्यले नै सुनिश्चित गर्दा समेत विभिन्न देशले जनसंख्या वृद्धिदर माथि लैजान नसकेको बताउँछन्। उनी भन्छन्, ‘परिवारलाई मात्र होइन देशकै लागि सन्तुलित जनसंख्याको खाँचो पर्दछ। तर चाहँदैमा धेरै सन्तान जन्माउन दम्पतीहरु तयार हुँदा रहेनछन्।’

नेपालमा जनसंख्या बढ्ने दर एकाएक घटेको होइन। सरकारले पहिलो पञ्चवर्षीय योजनादेखि नै तीव्र जनसंख्या वृद्धिलाई नियन्त्रण गर्ने नीति लियो। छैटौं र सातौं पञ्चवर्षीय योजना मार्फत परिवार नियोजनलाई स्वास्थ्य सेवासँग एकीकृत गरियो। २०४६ सालको राजनीतिक परिवर्तनपछि बल्ल यसलाई जनसंख्या नियन्त्रण भन्दा पनि प्रजनन स्वास्थ्यसँग जोडेर व्याख्या गर्न थालियो। कतिपय देशले जस्तो ‘एक सन्तान नीति’ नलिए पनि परिवार नियोजन, प्रजनन स्वास्थ्य, शिक्षा र सामाजिक विकास मार्फत जन्मदर निरूत्साहित गर्ने नीति लियो। त्यसैको सबैभन्दा ठूलो उदाहरण हो, सन् १९५९ मा स्थापना भएको नेपाल परिवार नियोजन संघ ।

परिवार नियोजन संघले नेपाल सरकारको राष्ट्रिय परिवार नियोजन कार्यक्रमको प्रमुख साझेदारको रूपमा काम गर्‍यो। सरकारले ‘दुई सन्तान, ईश्वरको वरदान’, ‘सानो परिवार, सुखी परिवार’ जस्ता नारा घर–घरमा घन्कायो। विवाह गर्ने उमेर बढाउने, कण्डम, चक्की, इम्प्लान्ट जस्ता गर्भनिरोधक वितरण गर्ने मात्र होइन स्थायी बन्ध्याकरणलाई पनि व्यापक बनायो।

सरकार आफैंले ६–७ दशकदेखि निरन्तर मरिहत्ते गरेर लागू गरेको नीतिको विपरीत जाऊ भने पनि दम्पतीहरूले सजिलै पालना गर्ने सम्भावना न्यून रहेको जानकारहरु बताउँछन्।

राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी लामिछाने जन्मदर कम हुनुमा विश्वव्यापीकरणले समेत प्रभाव पारेको बताउँछन्। जन्मदर बढाउने विषय चुनौती पनि रहेको उनी पनि स्विकार्छन्। यद्यपि नेपालको जनसंख्या वृद्धिदर आत्तिहाल्नुपर्ने अवस्थामा नभएको लामिछानेको बुझाइ छ। उनी भन्छन्, ‘अहिलेकै जनसंख्या वृद्धिदरलाई कायम राख्न सके मात्र पनि पुग्छ। तर त्यसका लागि गर्नुपर्ने सबै तयारी गर्न भने अब ढिला गर्नुहुँदैन ।’

प्रा.डा. समिर केसीले एउटा प्रि–प्रिन्टमा कति भन्दा पनि कसरी सुखी र समृद्ध रहन सक्छ भन्ने प्रश्न महत्त्वपूर्ण भएको उल्लेख गरेका छन् । ‘ह्युमानिटी आफ्टर दि पिक: लङ–रन पपुलेसन एण्ड ह्युमन क्यापिटल पाथवायज फर ग्लोबल इन्भाइरोमेन्टल चेन्ज’ शीर्षकको लेखमा उनले भनेका छन्, ‘अबको नयाँ बहस भविष्यमा मानिसहरूको संख्या घट्न थालेको संसारमा मानव समाज कसरी समृद्ध र सुखी रहन सक्छ ? भन्ने प्रश्नमा केन्द्रित हुनेछ ।’

अनलाइनखबरबाट

# खाना पकाउने ग्याँस ...............

असहाय तथा विशेष वर्गका लागि जिल्ला प्रशासन कार्यालयले वैकल्पिक व्यवस्था मिलाएको छ। ज्येष्ठ नागरिक, एकल महिला, दीर्घरोगी, होस्टलमा बस्ने विद्यार्थी, अपाङ्गता भएका व्यक्ति तथा आश्रममा बस्ने व्यक्ति वा संस्थाहरूलाई ग्याँस आवश्यक परी नियमित विक्रेताबाट नपाएमा कार्यालय समयभित्र टोल फ्रि नम्बर १८१०५०००३८८ मा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

साथै, प्रशासनले सम्पूर्ण ग्याँस डिलर तथा वितरकहरूलाई बिक्री–वितरण व्यवस्था प्रभावकारी र व्यवस्थित बनाई उपभोक्तालाई सहज सहयोग गर्न निर्देशनसमेत दिएको छ ।

# माइक्रो बसले ‘ओभरटेक’ गर्दा अन्य सवारीलाई सास्ती

रासस/चितवन

नारायणगढ–मुग्लिन सडक खण्डमा माइक्रोबसले जोखिमपूर्ण ढङ्गले ‘ओभरटेक’ (उछिन्ने) गर्दै तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति बढ्दा अन्य सवारीचालक तथा यात्रुले सास्ती भोग्नुपरेको छ। पूर्व–पश्चिम तथा काठमाडौँ–पोखरा जोड्ने व्यस्त राजमार्गमा पहिरोका कारण हुने अवरोधसँगै यस्ता सवारीको लापरबाहीले ट्राफिक जाम, दुर्घटनाको जोखिम र यात्रामा थप हैरानी बढाएको गुनासो आएको छ ।

बागमती प्रदेश नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय (रामनगर)का प्रमुख एवं प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार हाइस तथा माइक्रोबसले जथाभावी ओभरटेक गर्दा सडकमा अनावश्यक जाम हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने गरेको छ। उहाँले प्रहरीले देखेका स्थानमा तत्काल कारबाही र चालकलाई सचेत गराउने काम भइरहे पनि कतिपय चालकले प्रहरीको निगरानी छल्दै नियम उल्लङ्घन गर्ने गरेको बताउनुभयो ।

“हामीले देखेमा कारबाही गर्छौँ र चालकलाई सचेत पनि गराउँछौँ । तर कतिपय चालकले लुकिछिपी जोखिमपूर्ण ओभरटेक गर्ने गरेका छन्”, पाण्डेले भन्नुभयो, “चालक मात्र होइन, यात्रु यस विषयमा सचेत हुन जरूरी छ । तीव्र गति र जथाभावी ओभरटेकका कारण दुर्घटना हुन सक्छ भन्ने बुझेर प्रहरीलाई सूचना दिए नियन्त्रण गर्न थप सहज हुन्छ।”

उहाँका अनुसार सबैलाई छिट्टै गन्तव्य पुग्ने हतार हुने भएकाले जोखिमपूर्ण रूपमा सवारी चलाउने चालकबारे यात्रुले प्रहरीलाई सूचना दिने क्रम भने निकै कम छ ।

नारायणगढ–मुग्लिन सडक खण्डबाट दैनिक हजारौँ सवारीसाधन आवतजावत गर्ने भएकाले एउटै सवारीको लापरबाहीले घण्टौँसम्म ट्राफिक जाम हुने अवस्था सिर्जना हुने गरेको उहाँले बताउनुभयो । अब यस्ता गतिविधि नियन्त्रणका लागि थप व्यवस्थित रूपमा निगरानी र कारबाहीलाई प्रभावकारी बनाइने उहाँको भनाइ छ ।

पाण्डेका अनुसार सडकका विभिन्न स्थानमा सिसीटिभी क्यामेरामार्फत निगरानी भइरहेको छ भने समयसमयमा स्पिड गन (स्पिड राडार) प्रयोग गरी तीव्र गतिमा सवारी चलाउने चालकमाथि कारबाही गरिँदै आएको छ । “यात्रुलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउनु चालकको कर्तव्य हो”, उहाँले भन्नुभयो, “चालकलाई सचेत गराउनु प्रहरीको दायित्व हो । तर केही चालकले प्रहरीलाई छल्ने प्रयास गर्दै आफैँ र अरूको ज्यान जोखिममा पार्ने गरी सवारी चलाउने गरेका छन् ।”

यहाँका सडकमा समयसमयमा खस्ने पहिरोले लामो सवारी जाम हुने गर्दछ । त्यही बीचमा ओभरटेक गर्दा उद्धारमा समस्या हुने गरेको प्रहरी उपरीक्षक पाण्डेले बताउनुभयो। यस्तो अवस्थामा हुने जामका कारण यात्रुलाई गन्तव्यमा पुग्न झन ढिलो हुने गरेको उहाँको भनाइ छ ।

# नेपालमा शिक्षाको .....

पाइन्छ भन्ने सामान्य सोच हामीमा छ तर यथार्थ फरक छ । सामान्यतया कुनै पनि कार्यालय वा संघ संस्थामा वा कुनै उद्योग वा कम्पनी, सरकारी कार्यालय, नेपाल प्रहरी, सेना वा विदेशमा गएर काम गर्न कामको प्रकृतिअनुसार पढाइ लेखाइ वा विशेष योग्यता चाहिन्छ । यसरी पढेलेखेका काम गर्ने कामदार वा कर्मचारीहरु हाम्रो देशमा थोरै मात्र चाहिएको छ तर पढ्लेख गर्नेको संख्या भने धेरै छ। तिन वर्ष पहिला कोरियामा काम गर्न को लागि इपियस परीक्षा दिनेको संख्या ४००० को लागि ८०,००० परीक्षार्थी भएको तथ्यले हामीकोमा शैक्षिक वेरोजगारीको स्थित प्रस्ट्याउँदछ ।

**च) किन यतिधेरै शैक्षिक युवा वेरोजगार?**

दुई वटा तथ्य प्रष्ट छ;

१. हामीलाई कतिजना के कस्तो शिक्षा हासिल गरेको जमात चाहिन्छ भन्ने कुनै आकडा र योजना विना नै देशका शैक्षिक संस्थाहरूले विभिन्न तहका शिक्षण संस्थाहरु मार्फत शिक्षित युवाहरु उद्योगले बिस्कुट, चाउचाउ उत्पादन गरे जस्तो उत्पादन गरेको छ तर उत्पादित् शिक्षित जनशक्तिलाई रोजगार दिन सकिरहेको छैन र हाल तत्काल दिन सक्ने संभावना पनि छैन।

२. एउटा विद्यार्थी जस्ले कम्तिमा यसईईसम्म पास गरेको छ । यतिवेला उ कम्तिमा १५ वर्षको उमेर पुगिसकेको हुन्छ । उसलाई पढ्ने बाहेक यतिसम्म कि चिया, खाना बनाउने जस्तो सामान्य काम पनि आउदैन वा हामीले लगाएका छैनौ । कारण मेरो छोरी/छोरोले यसईई पास गरेपछि काम पाउँछ र जीवन सजिलोसँग चल्छ तर परिस्थिति त्यस्तो छैन ।

त्यसैले यो विना सीप भएका युवाहरु देशको लागि घाडो नै भएका छन् । त्यसैले सानो कक्षा बाटै सीप मूलक शिक्षा अत्यावश्यक छ ।

bhanjyangnews.com


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०४/१९ गते*

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०४/१९ गतेको च.नं. २० को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह ।
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन । (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/०२ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०५/०२ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक

**श्री राष्ट्रिय आधारभूत विद्यालय**

भानु न.पा.-१२, कवाजित, तनहुँ । सम्पर्क : ९७६९३५७०२३
Email- rastriyabasicschool12@gmail.com



## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



“जिवनको दिगो सुरुवातका लागि स्तनपान: प्रभावकारी कार्यहरुको सुदृढीकरण।”

## विश्व स्तनपान सप्ताह, १-७ अगस्ट २०२६

१६ देखि २२ श्रावण, २०८३

शिशु जन्मिए पछि जतिसक्दो चाँडो (१ घण्टा भित्र) आमाको दूध (बिगौती दूध) खुवाऔं ।

शिशुलाई जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र खुवाऔं।

बालबालिकालाई ६ महिना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तिमा २ वर्ष उमेरसम्म निरन्तर स्तनपान गराऔं ।



आमाको दूध शिशुको लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ ।

स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघर क्यान्सर हुने जोखिमलाई कम गर्दछ ।

चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दूध बाहेक अन्य कुनै किसिमको दूध नखुवाऔं । दूधदानीको प्रयोग नगरौं ।

स्तनपान सम्बन्धि उचित परामर्श तथा थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोला ।

**ऋषिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**घलेगाउँ** : लमजुङको क्व्होलासोथर गाउँपालिका–३ स्थित नेपालकै दोस्रो घरबास गाउँ घलेगाउँ । वि.सं २०५७ बाट सन्चालित यस गाउँ मुलुककै पहिलो स्मार्ट भिलेज, खुसी गाउँ र दक्षिण एसियाकै नमुना गाउँको रूपमा समेत परिचित छ । *तस्बिरः जनक श्रेष्ठ/रासस*

# नवजात शिशु र गर्भवतीका लागि निःशुल्क सिकलसेल स्क्रिनिङ सेवा

**रासस**/काठमाडौं

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिकलसेल तथा थालसेमियाको परीक्षण, उपचार र व्यवस्थापनका लागि नवजात शिशु र गर्भवती महिलाका लागि निःशुल्क स्क्रिनिङ सेवा सञ्चालनमा ल्याएको छ । मन्त्रालयले सिकलसेल तथा थालसेमियाका विपन्न बिरामीलाई उपचारका लागि अधिकतम रू एक लाख आर्थिक सहायता तथा स्वास्थ्य बिमामार्फत थप रू एक लाखसम्मको सुविधा उपलब्ध गराएको छ । यस्तै कान्ति बाल अस्पताल र भेरी अस्पतालमा बजेट विनियोजन गरिएको छ ।



प्रतिनिधिसभाको चालु अधिवेशनका विभिन्न बैठक र समयमा सांसदले राख्नुभएका स्वास्थ्यसम्बन्धी प्रश्नको जवाफ दिँदै स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विशेषगरी पश्चिम तराईका थारू समुदायमा सिकल सेल एनिमिया गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेकाले रोकथाम, पहिचान र उपचारका लागि सरकारले विभिन्न अस्पतालमा निःशुल्क परीक्षण, उपचार र औषधि उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

भेरी अस्पताल, सेती प्रादेशिक अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा बर्दिया जिल्ला अस्पताललाई सिकलसेल उपचार केन्द्रका रूपमा सञ्चालन गरिएको उहाँले स्पष्ट पार्नुभयो । मन्त्री मेहताले स्वास्थ्य सेवा विभागले सिकलसेल तथा थालसेमिया व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका लागू गरेको र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वयमा सिकल सेल रजिस्ट्री निर्माणको कार्य अघि बढिरहेको बताउनुभयो ।

उहाँले लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा उपचार तथा व्यवस्थापनका लागि बजेट हस्तान्तरण भई कार्यान्वयनमा रहेको र प्रभावित जिल्लामा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि कार्यक्रमसमेत सञ्चालन भइरहेको बताउनुभयो ।

मन्त्री मेहताले ट्रमा सेन्टर र सघन उपचारसम्बन्धी विषयप्रति सरकार गम्भीर रहेको र मधेसको लहान, बागमतीको कमलामाई, गण्डकीको देवचुली, लुम्बिनीको बर्दघाट र सुदूरपश्चिमको लम्कीचुहामा ट्रमा सेन्टर स्थापना स्वीकृत भइसकेको जानकारी दिनुभयो ।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७७ अनुसार ५० वा सोभन्दा बढी शय्या भएका अस्पतालमा कम्तीमा ५ प्रतिशत आइसिसी बेड अनिवार्य गरिएको मन्त्री मेहताले बताउनुभयो ।

सेवालाई प्रभावकारी बनाउन भेन्टिलेटर, २४सै घण्टा नर्सिङ सेवा, विशेषज्ञ चिकित्सक र आवश्यक निगरानी प्रणालीको व्यवस्था सुनिश्चित गरिँदै आएको बताउँदै उहाँले विपन्न नागरिकको सघन उपचारमा पहुँच बढाउन बिरामीको चाप बढी भएका संघीय अस्पतालमा थप आइसियु बेड विस्तार गर्ने प्रक्रिया अघि बढाइने बताउनुभयो ।

**डाइलासिस सेवा**

मन्त्री मेहताले विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत हेमोडायालाइसिस सेवाका लागि हालसम्म सूचीकृत १२३ वटा अस्पतालबाट नियमित हेमोडायालाइसिस सेवा प्रवाह भइरहेको जानकारी दिनुभयो ।

डाइलासिस सेवा लिने बिरामीले नजिकको सूचीकृत स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्ने गरी बिरामीको चापको आधारमा थप डाइलासिस मेसिन उपलब्ध गराउने र थप स्वास्थ्य संस्था सूचीकृत गर्ने कार्य अगाडि बढ्ने उहाँले जानकारी दिनुभयो ।

जलनसम्बन्धी घटनाबाट आफ्ना नागरिकले भोग्नुपरेको पीडा र यसको उपचारका लागि विदेशिनुपर्ने बाध्यताप्रति सरकार गम्भीर र संवेदनशील रहेको बताउँदै मन्त्री मेहताले उपचारभन्दा रोकथाम उत्तम भन्ने सिद्धान्त र स्वास्थ्य क्षेत्रमा लगानी नै मानव पुँजी निर्माण हो भन्ने तर्कसँग सरकार पूर्णतः सहमत रहेको बताउनुभयो ।

"सरकारले जलन उपचार सेवालाई थप विस्तार गर्ने नीति लिएको छ । यसअन्तर्गत संघीय विशिष्टीकृत अस्पतालमा नयाँ बर्न युनिटको स्थापना गर्ने, वीर अस्पताल र कीर्तिपुर अस्पतालको जलन सघन उपचार क्षमतालाई सुदृढ तुल्याउने तथा प्लास्टिक र रिकन्स्ट्रक्टिभ सर्जरी सेवालाई सरकारी अस्पतालमा संस्थागत रूपमै विस्तार गर्ने कार्यलाई बजेट विनियोजनमा उच्च प्राथमिकतामा राखेका छौँ।"

सातै प्रदेशमा अत्याधुनिक बर्न युनिट, बर्न आइसियु र पुनःस्थापना केन्द्र स्थापना गर्ने मागलाई गम्भीरतापूर्वक लिइएको उहाँले बताउनुभयो । मन्त्री मेहताले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनामार्फत मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य प्रणालीमा एकीकृत गरिएको जानकारी गराउनुभयो ।

सरकारले नीति तथा कार्यक्रममार्फत राष्ट्रिय मानसिक स्वास्थ्य नीति तर्जुमा गरी स्थानीय तहका स्वास्थ्य संस्थाबाट समेत आधारभूत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने लक्ष्य लिइएको उहाँले स्पष्ट पार्नुभयो ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## facebook twitter



**Manavi Paudel**
x.com/ManaviPaudel

झन्डै दुई तिहाइको सरकार छ। जनताले इतिहास बदल्ने आशा गरेका थिए, तर आज अवस्था हेर्दा प्रश्न मात्र उब्जिएका छन्।

- स्वास्थ्य क्षेत्र अझै अस्तव्यस्त छ। अस्पतालदेखि सेवा प्रवाहसम्म जनताले सास्ती नै पाइरहेका छन्। अस्पतालमा सेवा दिने स्वास्थ्यकर्मीहरूलाई समेत सुरक्षाको प्रत्याभुती दिन सकेको अवस्था छैन।
- खेलकुद क्षेत्र को अवस्था पनि निराशाजनक छ। फुटबलको त के कुरा गर्नु फिफाको निलम्बनले हाम्रो औकात देखाईसकेको छ। क्रिकेटको पनि पछिल्ला प्रदर्शनहरूले हाम्रो वास्तविक स्तर देखाइसकेका छन्। केवल टी–२० को हाइपले नेपाली खेलकुदको भविष्य बदलिँदैन। योजना, पूर्वाधार र दीर्घकालीन लगानीबिना सफलता सम्भव छैन।
- बैंकिङ तथा वित्तीय क्षेत्र मा सर्वसाधारण अझै अन्योल, झन्झट र असन्तुष्टिका बीच छन्। सुधारका प्रतिबद्धता व्यवहारमा देखिएका छैनन्।
- धेरै सांसदहरु सामाजिक सञ्जालमा स्टन्ट गर्न व्यस्त छन्, तर आफ्ना निर्वाचन क्षेत्रका जनताप्रति उत्तरदायित्व निभाएको अनुभूति गराउन सकेका छैनन्। जनतालाई भिडियो होइन, परिणाम चाहिएको छ।
- मन्त्रीहरूको अधिकांश समय आफ्नै सरकारको बचाउमा बितिरहेको देखिन्छ। जनताका समस्या समाधान गर्नेभन्दा आलोचनाको प्रतिवाद गर्ने काम बढी भइरहेको छ।
- देशभर बाढी–पहिरोको जोखिम उच्च छ। विपद्को पूर्वतयारी, उद्धार, राहत र पुनर्स्थापनामा सरकारको प्रभावकारी उपस्थिति अझै देखिएको छैन। सरकार संकट आउनुअघि होइन, संकट आएपछि मात्र जाग्ने प्रवृत्तिबाट बाहिर निस्कनुपर्छ।
- यदि सरकारलाई असफल बनाउन कुनै संगठित शक्ति वा स्वार्थ समूह सक्रिय छन् भने, तिनलाई नियन्त्रण गर्न सरकार किन असफल भइरहेको छ? दुई तिहाइको शक्तिशाली सरकारले आफ्नो राज्य संयन्त्र प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु गम्भीर प्रश्न हो।

जनताले यो सरकारलाई भाषण, स्टन्ट र बहाना सुन्न होइन, काम गर्न भनेर जनादेश दिएका हुन्। जनताको विश्वास जित्न वर्षौं लाग्छ, तर गुमाउन केही महिना मात्र पर्याप्त हुन्छ।

सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीले अझै पनि समयमै आत्मसमीक्षा गरी परिणाममुखी शासन दिन सकेन भने, जनताले दिएको विश्वास फिर्ता लिन पनि ढिला गर्ने छैनन्। इतिहासले देखाइसकेको छ। जनताको आशा तोड्ने हरेक शक्तिको अन्त्य उस्तै हुन्छ। दुई तिहाइको बहुमत सधै स्थायी हुँदैन, जनविश्वास जित्नु जरूरी छ

# आमाको स्मृतिमा विद्यालयमा अक्षयकोष

**भञ्ज्याङ समाचारदाता**/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिका–४ दुलेगौंडास्थित पञ्चमुनिदेव माध्यमिक विद्यालयमा स्वर्गीय बुधमाया पुरीको पुण्य स्मृतिमा रू. १ लाख ११ हजार १११ रूपैयाँको 'आमा बुधमाया अक्षयकोष' स्थापना गरिएको छ । कोषबाट कार्यविधि निर्माण गरी विद्यालयका विद्यार्थीलाई नियमित रूपमा छात्रवृत्ति वितरण गरिने विद्यालयले जनाएको छ ।

विद्यालयका सहायक प्रधानाध्यापक तथा कक्षा ११/१२ संयोजक लक्ष्मण पुरी, उनका बुबा दामोदर पुरी तथा दाजुभाइहरु भेषराज, कृष्ण, मोहनराज र मीनराज पुरीसहित सम्पूर्ण पुरी परिवारले स्वर्गीय बुधमाया पुरीको स्वर्गारोहण भएको ४५औँ दिनको पुण्य स्मृतिमा उक्त अक्षयकोष स्थापना गरेका हुन् । विद्यालयका प्रधानाध्यापक विमल जोजिजुले शिक्षामा लगानी गर्नु नै समाजको भविष्य निर्माणमा लगानी गर्नु भएको बताउँदै पुरी परिवारको योगदान अनुकरणीय रहेको बताए ।

"स्वर्गीय आमाको स्मृतिलाई सेवामूलक र समाजोपयोगी कार्यसँग जोडेर अक्षयकोष स्थापना गर्नु अत्यन्त प्रेरणादायी उदाहरण हो", उनले भने, "कोष सञ्चालनका लागि स्पष्ट कार्यविधि तयार गरी आर्थिक अवस्था, शैक्षिक उपलब्धि तथा आवश्यकताका आधारमा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ । यसले अध्ययनमा लगनशील तर आर्थिक रूपमा विपन्न विद्यार्थीलाई ठूलो सहयोग पुग्ने विश्वास लिएका छौँ ।"

यस्तै, विद्यालयका पूर्वप्रधानाध्यापक एकनारायण भण्डारीले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि समुदाय, अभिभावक, पूर्वविद्यार्थी तथा शुभेच्छुकको सहकार्य आवश्यक रहने उल्लेख गर्दै यस्ता परोपकारी अभियानले विद्यालय र समाजबीचको सम्बन्धलाई थप सुदृढ बनाउने बताए ।



उनले पुरी परिवारको सहयोगलाई विद्यालयका लागि दीर्घकालीन सम्पत्तिका रूपमा लिइएको उल्लेख गर्दै यसबाट अन्य व्यक्ति तथा परिवारसमेत शिक्षा क्षेत्रमा योगदान गर्न प्रेरित हुने विश्वास व्यक्त गरे । विद्यालयले पुरी परिवारप्रति हार्दिक आभार व्यक्त गर्दै स्वर्गीय बुधमाया पुरीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ । विद्यालयका अनुसार अक्षयकोष सञ्चालनसम्बन्धी कार्यविधि छिट्टै स्वीकृत गरी आगामी शैक्षिक सत्रदेखि छात्रवृत्ति वितरण प्रक्रिया सुरू गरिनेछ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४